# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर १९

### <u>जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०८३</u>

जग्गा (नाप जाँच) नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ मा संशोधन</u>** : (१) जग्गा (नाप जाँच) नियमावली, २०५८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (च) मा रहेका "र सो शब्दले नाप नक्सा र स्रेस्ता अद्यावधिक गर्ने नापी शाखाका नापी अधिकृत समेतलाई जनाउँछ।" भन्ने शब्दहरूको सट्टा "र सो शब्दले नाप नक्सा र स्रेस्ता अद्यावधिक गर्ने नापी कार्यालयका नापी अधिकृत वा स्थानीय तहमा कार्यरत सर्भे इन्जिनियरिङ तर्फको अधिकृत वा अन्य

कर्मचारीलाई समेत जनाउँछ।" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (छ) झिकिएको छ।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ :-

"(ठ) "भूसूचना प्रणाली" भन्नाले डिजिटल प्रणालीमार्फत् जग्गाको नापनक्सा गर्ने, सोको अद्यावधिक गर्ने तथा अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने प्रयोजनको लागि तयार गरिएको भूसूचना प्रणाली (नेपाल ल्याण्ड इन्फर्मेशन सिष्टम (नेलिश)) सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८ को उपनियम (३) मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>** : मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) नियम १० को उपनियम (२) को प्रयोजनको लागि नापी गोश्वारा रहेको जिल्लामा देहाय बमोजिमको छुट जग्गा दर्ता सिफारिस समिति रहनेछ :-

| | |
|---|---|
| (क) नापी गोश्वाराको प्रमुख | -अध्यक्ष |
| (ख) भूमि प्रशासन अधिकृत | -सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत | -सदस्य |

(घ) डिभिजन वन कार्यालयको अधिकृत -सदस्य

(ङ) गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य"

५. **<u>मूल नियमावलीको नियम १६ मा संशोधन</u> :** मूल नियमावलीको नियम १६ को उपनियम (३) मा रहेका "नापी शाखाले" भन्ने शब्दहरूको सट्टा "नापी कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल नियमावलीको नियम २० मा संशोधन</u> :** मूल नियमावलीको नियम २० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम क्षेत्र विभाजन गर्न प्रत्येक जिल्लामा देहायका पदाधिकारी भएको एक समिति रहनेछ:-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य -सदस्य

(ग) भूमि प्रशासन कार्यालयको प्रमुख -सदस्य

(घ) आन्तरिक राजस्व कार्यालयको प्रमुख वा आन्तरिक राजस्व कार्यालय नभएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रककार्यालयको प्रमुख -सदस्य

(ङ) नापी गोश्वारा कायम रहेको अवस्थामा नापी गोश्वाराको प्रमुख र नापी गोश्वारा नभएकोमा नापी कार्यालयको प्रमुख -सदस्य-सचिव"

७. **<u>मूल नियमावलीको नियम २२ मा संशोधन</u> :** मूल नियमावलीको नियम २२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) जग्गा नाप जाँच भई तयार भएको कित्ता नापी नक्सा र स्रेस्ता अद्यावधिक गर्ने काम सम्बन्धित नापी कार्यालय वा सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखाको हुनेछ।"

(२) उपनियम (३) को,-

(क) "नापी शाखाले" भन्ने शब्दहरूको सट्टा "नापी कार्यालय वा स्थानीय तहको भूमि व्यवस्थापन शाखाले" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "मालपोत कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "भूमि प्रशासन कार्यालय वा स्थानीय तहको भूमि व्यवस्थापन शाखामा" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ग), (घ) र (ङ) को सट्टा देहायका खण्ड (ग), (घ) र (ङ) राखिएका छन् :-

"(ग) भूमि प्रशासन कार्यालय वा स्थानीय तहबाट पारित

लिखत वा अदालतको फैसला बमोजिम कित्ताकाट गर्नुपरेमा भूसूचना प्रणालीबाट नापी कार्यालय वा सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखाले कित्ताकाट गरी अद्यावधिक राख्ने,

(घ) नक्सामा कित्ताकाट गर्दा वा मसी भर्दा गल्ती हुन गएको देखिएमा लिखत पारित गर्ने भूमि प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखासँग बुझी पारित लिखतबमोजिम भूसूचना प्रणालीबाट आवश्यक सुधार गरी सोको जानकारी सम्बन्धित जग्गाधनी र लिखत पारित गर्ने भूमि प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखालाई दिने,

(ङ) एकै ठाउँमा जोडिएका एकै जग्गाधनीको दुई वा दुई

भन्दा बढी कित्ता एकीकरण गर्न सम्बन्धित जग्गाधनीले निवेदन दिएमा स्रेस्ता र रोक्का बुझी एउटै कित्ता कायम गरी नापी कार्यालय वा भूमि व्यवस्थापन शाखाको कित्ता स्रेस्तामा जनाई स्रेस्ता मिलान गर्ने वा स्रेस्ता मिलान गर्न भूमि प्रशासन कार्यालयमा लेखी पठाउने,"

(घ) खण्ड (छ) को अन्त्यमा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर भूसुचना प्रणाली लागु भएको अवस्थामा फाइल नक्सा बनाउन पाइने छैन।"

८. **मूल नियमावलीमा नियम २२क. थप** : मूल नियमावलीको नियम २२ पछि देहायको २२क. थपिएको छ :-

"**२२क. युजर आइडी र पासवर्ड लिनुपर्ने** : (१) भूमि व्यवस्थापन शाखाबाट भूसूचना प्रणाली सञ्चालन गर्ने प्रयोजनको लागि स्थानीय तहले युजर आइडी र पासवर्ड लिनको लागि अनुसूची-१३क. बमोजिमको ढाँचामा नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थानीय तहबाट लेखी आएमा नापी कार्यालयले अनुसूची-

१३ख. बमोजिमको ढाँचामा भूसूचना प्रणाली सञ्चालन गर्न युजर आइडी र पासवर्ड दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्थानीय तहले प्राप्त गरेको युजर आइडी र पासवर्ड सुरक्षित रूपले प्रयोग गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम प्राप्त युजर आइडी र पासवर्डको दुरूपयोग गरी कुनै काम गरेमा सो कामको त्यस्तो युजर आइडी र पासवर्ड प्रयोग गर्ने कर्मचारी जिम्मेवार हुनेछ।"

९. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ :-

"२३. **नक्सा स्रेस्ता अद्यावधिक गर्ने कार्यमा सहयोग गर्नु पर्ने** : (१) यस परिच्छेदबमोजिम नक्सा स्रेस्ता अद्यावधिक गर्ने कार्यका लागि स्थानीय तह तथा सम्बन्धित सरकारी कार्यालयले आफ्नो तर्फबाट भए गरेका निर्माण कार्यको विवरण सहितको जानकारी नापी कार्यालय वा सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखामा उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त हुन आएपछि कित्ता नापीको नक्सा सम्बन्धित नापी कार्यालय वा स्थानीय तहको भूमि व्यवस्थापन शाखाले र अन्य नक्सा विभागले अद्यावधिक गर्नु पर्नेछ।"

१०. **मूल नियमावलीको नियम ३२ मा संशोधन** : मूल नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (ख)

मा रहेका "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

११. **मूल नियमावलीको नियम ३४ मा संशोधन** : मूल नियमावलीको नियम ३४ को उपनियम (२) मा रहेका "नापी शाखाका" भन्ने शब्दहरूको सट्टा "नापी कार्यालयका" भन्ने शब्दहरू राखिएका छन्।

१२. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-९, अनुसूची-१० र अनुसूची-११ को जग्गाको विवरण अन्तर्गत रहेको "किसिम" भन्ने शब्दको सट्टा "किसिम/भूउपयोग वर्गीकरण" भन्ने शब्दहरू राखिएका छन् ।

(२) अनुसूची-१३ मा रहेका "नापी शाखा" भन्ने शब्दहरूको सट्टा "नापी कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) अनुसूची-१३ पछि संलग्न अनुसुची-१३क. र अनुसूची-१३ख. थपिएका छन्।

१३. **रूपान्तर** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहाय बमोजिमका शब्दहरूको सट्टा देहाय बमोजिमका शब्दहरू राखी रूपान्तर गरिएको छ :-

(१) "मालपोत कार्यालय" भन्ने शब्दहरूको सट्टा "भूमि प्रशासन कार्यालय,"

(२) "भूमि सुधार तथा व्यवस्था मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय",

(३) "गाउँ विकास समिति" वा "गा.वि.स." भन्ने शब्दहरूको सट्टा "गाउँपालिका",

(४) "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश"।

"अनुसूची-१३क.
(नियम २२क. को उपनियम (१) सँग सम्बन्धित)

**भूसूचना प्रणालीको युजर आइडी र पासवर्ड लिन लेखिने पत्रको ढाँचा**

श्री प्रमुखज्यू,
नापी कार्यालय,
................................................ ।

**विषयः युजर आइडी तथा पासवर्ड उपलब्ध गराईदिनु हुन।**

प्रस्तुत विषयमा यस महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिकाले भूसूचना प्रणाली प्रयोग गरी आफ्नो कार्यक्षेत्रभित्र मिति ..............................देखि लागु हुने गरी भूमि व्यवस्थापन सेवा प्रदान गर्न इच्छुक भएको र जनशक्ति तथा भौतिक पूर्वाधारको व्यवस्था भईसकेकोले सोको लागि आवश्यक पर्ने युजर आईडी र पासवर्ड उपलब्ध गराईदिनु हुन सिफारिससाथ अनुरोध छ। उक्त युजर आइडी तथा पासवर्ड प्राप्त गर्नका लागि देहायको विवरण भएको कर्मचारी तोकिएको व्यहोरा समेत अनुरोध छ ।

**युजर एकाउण्ट प्रयोगकर्ता कर्मचारीको विवरण**

प्रयोगकर्ताको किसिम : स्थानीय प्रणाली प्रयोगकर्ता
प्रयोगकर्ता कर्मचारीको नाम थर (नेपालीमा) : ..............................
(अङ्ग्रेजीमा) : ..............................................
कार्यरत शाखा........................पद............... श्रेणी/तह............
स्थायी ठेगाना : जिल्ला..........न.पा./गा.पा.................वडा नं..........
जन्म मिति (वि.सं.) :................ (ई.सं.)............ लिङ्ग........
नागरिकता प्रमाणपत्र नम्बर....................
नागरिकता प्रमाणपत्र जारी भएको मिति......नागरिकता जारी गर्ने जिल्ला...

कर्मचारी सङ्केत नं:......... राष्ट्रिय परिचयपत्र नम्बर......... इमेल: ......
मोबाइल नं. ................

प्रयोगकर्ता कर्मचारीको हस्ताक्षर :.........

<u>संलग्न कागजातहरु :</u>

कर्मचारी परिचयपत्र

प्रयोगकर्ताको जिम्मेवारी
(कुनै एक छनौट गर्नुहोस्)
(१) कित्ताकाट/अमिन
(२) चेकजाँच/सर्वेक्षक
(३) प्रमाणित/नापी अधिकृत

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृतको | प्रमुख/अध्यक्षको |
| दस्तखत ...................... | दस्तखत ...................... |
| नाम,थर ...................... | नाम,थर ...................... |
| मिति ............. | मिति ............. |

अनुसूची-१३ख.

(नियम २२क. को उपनियम (२) सँग सम्बन्धित)

**सम्बन्धित स्थानीय तहलाई भूसूचना प्रणालीको युजर आइडी र पासवर्ड दिँदा लेखिने पत्रको ढाँचा**

श्री प्रमुख/अध्यक्षज्यू,
......महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको कार्यालय,
................................................ ।

**विषयः युजर आइडी तथा पासवर्ड उपलब्ध गराइएको बारे।**

प्रस्तुत विषयमा तहाँको प.सं............ च.नं................ मिति.....................को पत्रबाट भूसूचना प्रणाली प्रयोग गरी आफ्नो कार्यक्षेत्रभित्र भूमि व्यवस्थापन सम्बन्धी सेवा सञ्चालन गर्ने प्रयोजनका लागि तोकिएका कर्मचारीको जिम्मेवारीमा रहने गरी देहाय बमोजिमको युजर आईडी र पासवर्ड उपलब्ध गराइएको छ। यो पत्र प्राप्त हुनासाथ यस कार्यालयले प्रदान गरेको पासवर्ड परिवर्तन गर्नु गराउनु हुन अनुरोध छ। प्रदान गरिएको युजर आइडीको प्रयोग गरी भए गरेका सम्पूर्ण कामको प्रत्यक्ष जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता कर्मचारी हुने भएकोले प्रयोगकर्ता कर्मचारी छनौटमा विशेष सतर्कता अपनाउनु हुन समेत अनुरोध छ।

भूसूचना प्रणालीको युजर आइडी, पासवर्ड र प्रयोगकर्ताको जिम्मेवारी देहायबमोजिम रहेको छ :-

| भूसूचना प्रणाली (नेलिश) | | |
|---|---|---|
| युजर आइडी | पासवर्ड | प्रयोगकर्ताको जिम्मेवारी (तलका मध्ये कुनै एक उल्लेख गर्ने)<br>(१) कित्ताकाट/अमीन<br>(२) चेकजाँच/सर्वेक्षक<br>(३) प्रमाणित/नापी अधिकृत |
| | | |

”

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**